मितिः २०८० माघ २९ गते

समयः विहान ११:०० बजे

स्थानः सभाहल, कैलाश गाउँपालिका

आज मिति २०८० साल माघ २९ गते सोमबारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |

| | | | |
|---|---|---|---|
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | |

**<u>कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:</u>**

१. प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गतका योजना सम्बन्धमा।

२. वडागत तथा गाउँपालिका अन्तर्गतका संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु सम्बन्धमा।

३. बस्ती विकास, सहरी योजना तथा भवन निर्मण सम्बन्धी मापदण्ड, २०८० सम्बन्धमा।

४. कैलाश सेवा पुरस्कार सिफारिस समिति गठन गर्ने सम्बन्धमा।

५. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा।

६. विविध।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

निर्णय नं. १ आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडाको मिति २०८०/१०/२ को पत्रानुसार प्रदेश समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव माग भै आएको हुँदा गाउँपालिकाले निम्न योजनाहरु पेश गर्ने निर्णय गरियो।

क. समपुरक अनुदान अन्तर्गत योजना तथा कार्यक्रमः

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | किर्तिमानडाँडा हुँदै बनझाक्री खोलासम्म सडक स्तरोन्नती, वडा नं. ३ र ४ | रु २ करोड (१/१ करोड) | |
| २ | सालबास हुँदै सानोडाँडाखर्क सडक स्तरोन्नती, वडा नं. ८ र २ | रु १ करोड (५०/ ५० लाख) | |
| ३ | गोगने कालिकाटार सडक निर्माण, ५ र ३ | रु १ करोड (५०/ ५० लाख) | |

ख. विशेष अनुदान अन्तर्गत योजना तथा कार्यक्रमः

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | महभीरखोला खानेपानी योजना, वडा नं. ३ | रु ५० लाख | |
| २ | शैक्षिक सुधारका लागि कमला मावि छात्रवास निर्माण (चेपाङ् तथा सीमान्तकृत छात्राहरु), वडा नं. २ | रु १ करोड | |
| ३ | जुरबाङ्ग खानेपानी योजना, वडा नं. ८ | रु २५ लाख | |
| ४ | धुसराङ् आधारभूत स्वास्थ्य चौकी निर्माण, वडा नं. ४ (बाल तथा मातृ मृत्युदर न्यूनीकरण गर्न) | रु ५० लाख | |
| ५ | शैक्षिक सुधारको लागि आधारभूत विद्यालय डाँडाखर्क, कैलाश १, बरभञ्ज्याङ्ग | रु १ करोड | |

निर्णय नं. २ आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत गाउँपालिका तथा वडा कार्यालय अन्तर्गतका योजना तथा कार्यक्रमहरुको संशोधन, परिमार्जन एवं गाउँपालिकाले थप गर्ने योजना तथा कार्यक्रमहरु तयार गरी हिउँदे गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

विनोद रोका
प्रशासकीय अधिकृत

निर्णय नं. ३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ र ४३ बमोजिम नक्सा पास प्रक्रियालाई नियमन र व्यवस्थित गर्न कैलाश गाउँपालिकको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४ यस गाउँपालिकामा कार्यरत स्थायी तथा करार सेवाका कर्मचारीहरुको नियमित रुपमा कार्यालयमा उपस्थितिको अवस्था, कार्य अवधि, कार्य सम्पादन, अनुशासन, कार्य जिम्मेवारी बहन क्षमता, वार्षिक नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनमा गरेको पहल, समन्वय र कार्यान्वयनको अवस्था लगायतका आधारमा कैलाश सेवा पुरस्कारका लागि कर्मचारी छनौट गरी सिफारिस गर्न देहायका पदाधिकारीहरु रहेको एक **सिफारिस समिति** गठन गर्ने निर्णय गरियो।

तपसिल:

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत श्री विनोद रोका | संयोजक |
| २. स्वास्थ्य संयोजक श्री कृष्ण यादव | सदस्य |
| ३. शिक्षा शाखा प्रमुख श्री दिपेन्द्र अधिकारी | सदस्य |
| ४. प्रशासन शाखा प्रमुख श्री ज्वाला कुमारी स्याङ्तान | सदस्य सचिव |

निर्णय नं. ४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (१) र (२) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने भएको र आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा यस गाउँपालिकाको कामको प्रकृति अनुरुप नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणका गतिविधि, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकनजस्ता विषयलाई समेटी आन्तरिक नियन्त्रण प्रणाली तयारी गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था बमोजिम कैलाश गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

विविध:

क. "स्थानीय तहबाट नयाँ ट्रयाक खोल्ने समेतका सडक निर्माण योजनामा सडक खण्डको स्पष्ट चेनेज तथा माइलस्टोन समेत खुलाई नापी किताव सँगै राख्नुपर्ने, व्याक कटिङ्ग वा पुरानो सडक स्तरोन्नती समेत गर्ने योजना भएमा लागत अनुमान र नापी कितावमा समेत स्पष्ट खुलाउनुपर्ने तथा दोहोरो हुने गरी ग्रेड लगायत पटकपटक मिलाउनु नपर्ने गरी नयाँ सडकको ट्रयाक खोल्ने

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

कार्य गर्दाका बखत नै ग्रेढ लगायत आवश्यक मापदण्ड पुगेको यकिन गरी मात्र भुक्तानी हुने व्यवस्था गर्नुपर्ने" भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. ३७७ मिति २०८०/१०/२ मा लेखिएको पत्रबाट प्राप्त भएकोले सो सुझाव उपर छलफल गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो।

ख. सम्वत् २०८० साल फाल्गुन ४ गते शुक्रबार १२ औं हिउँदे गाउँ सभा (अधिवेशन) गर्ने निर्णय गरियो।

ग. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५२ बमोजिम स्थानीय आर्थिक विकासको प्रवर्द्धन गर्नका लागि देहायका पदाधिकारी रहने गरी एक <u>स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति</u> गठन गर्ने निर्णय गरियो:

<u>तपसिल:</u>

| | |
|---|---|
| १. श्री लोक बहादुर मुक्तान, अध्यक्ष | संयोजक |
| २. श्री बाल कुमार मल्ल ठकुरी, उपाध्यक्ष | सदस्य |
| ३. श्री देवलाल बल, आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. श्री कुमारी माया तामाङ, भार्ता महिला कृषि सहकारी संस्था लि. | सदस्य |
| ५. श्री पूर्ण सिं रुम्बा, स्थानीय उद्यमी | सदस्य |
| ६. श्री किरण महत, शाखा प्रवन्धक, सानिमा बैंक, कैलाश गापा शाखा | सदस्य |
| ७. श्री विनोद रोका, प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(*<u>पुनश्च:</u>* साथै स्थानीय आर्थिक विकास प्रवर्द्धनका लागि फोकल पर्सन (Focal Person) को रुपमा गाउँपालिकामा कार्यरत <u>उद्यम विकास सहजकर्ता श्री प्रमिला अर्याल</u>लाई तोक्ने निर्णय गरियो)।

घ. गाउँपालिकाको विधान समितिमा छलफल गरी पेश हुन आएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो:

१. गाई/भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

२. बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

३. उपाध्यक्षसँग जनश्रमदान (परिचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत